# घुम्तीको १३१औं शृंखला सम्पन्न

**काठमाडौं / हिटा ।** घुम्ती कवि गोष्ठी नेपालको १३१औं रचनावाचन कार्यक्रम सम्पन्न भएको छ । प्रसिद्ध साहित्यकार पूर्णप्रकाश नेपाल यात्रीको संस्मरणमा स्थापना भएको यात्री पुस्तकालय कपन खरीको बोटामा आयोजना भएको उक्त कार्यक्रम कवि तथा पुस्तकालयका अध्यक्ष त्रिलोचन आचार्यको सभापतित्व तथा साहित्यकार विनोद दाहाल वत्सको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा परशुराम अधिकारी, माधवलाल श्रेष्ठ, दुर्गा अधिकारी भमरकोटे, ओमप्रसाद कोइराला, रामचन्द्र दाहाल, विनोद दाहाल वत्स तथा त्रिलोचन आचार्यले अ-आफ्ना रचना वाचन गर्नुभएको थियो । कार्यक्रममा संस्था विधिवत् दर्ताका लागि विधानमाथि छलफलसमेत भएको थियो ।

मावधलाल श्रेष्ठले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमामा साहित्यिक पत्रकार निबन्ध आचार्यको पनि उपस्थिति रहेको थियो । प्रमुख अतिथि विनोद दाहाल वत्सले घुम्ती कवि गोष्ठीको साहित्यिक योगदान बारे चर्चा गर्नुभएको थियो भने सभापति आचार्यले मन्तव्यसहित कार्यक्रमको समापन गर्नुभएको थियो ।

# मानव पुस्तकालयको रूपमा पन्त र प्रसाई



**काठमाडौं / हिटा ।** मानव पुस्तकालयको १७औं शृंखलामा मानव पुस्तकालयका रूपमा साहित्यकार रामप्रसाद पन्त र तथा कवि महेश प्रसाईले आ-आफ्ना अनुभव र योगदान सुनाउनुभयो । नव पुस्तकालय तथा ज्येष्ठ नागरिक मिलन केन्द्र सुकेधारा धोबीखोला किनारमा सम्पन्न उक्त कार्यक्रममा कवि प्रसाईले आफ्नो पारिवारिक, पृष्ठभूमि तथा देशको राजनीतिक, सामाजिक, साहित्यिक आवस्थाको चित्रण गर्दै अब साहित्यकारहरूले देश खोज्ने बेला आएको छ भन्नुभयो ।

यसैगरी अर्को मानव पुस्तकलय रामप्रसाद पन्तले पनि आफ्नो पारिवारिक परिवेश, बाल्यावस्थालगायत आफूले पाएका पुरस्कार, साहित्यिक योगदान, लामो समयसम्म साहित्यिक पत्रिकाको सम्पादन तथा प्रकाशन गर्दाका अनुभवहरू बताउनुभएको थियो । मानिस नै ज्ञानको भण्डारका रूपमा रहेको एउटा पुस्तकालय हो भन्ने मान्यताका आधारमा मानिसलाई पुस्तकालय मानेर विगत डेढ वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको यस कार्यक्रमको अध्यक्षता पुस्तकालयका अध्यक्ष विष्णुप्रसाद पन्तले गर्नभएको थियो । समालोचक युवराज मैनालीको स्वागत मन्तव्य तथा प्राडा.अर्जुनदेव भट्टको धन्यवाद ज्ञापन रहेको सो कार्यक्रमको सञ्चालन सुचिता काफ्लेले गर्नुभएको थियो ।

ठाकुर शर्मा भण्डारी, इन्द्रकुमार श्रेष्ठ सरित, मातृकाप्रसाद पन्त, विवेश पन्त, गोविन्दप्रसाद आत्रेय, रमेश कार्की, चन्द्रप्रसाद पन्त, केशवराज पन्त, नवराज कडुवाल, ठाकुरप्रसाद प्याकुरेल, किस्मतराज उपाध्याय, जीवन बुढालगायत व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा निर्मलरमण पराजुली, विजयध्वज थापा, तेजनाथ दंगाल, विनोद दाहाल वत्स, दुर्गा अधिकारी भमरकोटे, सुरेशराज बैद्य, कृष्णप्रसाद बस्याल, टंकबहादुर बजगाई, रामचन्द्र दाहाल तथा दीपक पौडेलले आ-आफ्ना रचना वाचन गर्नुभएको थियो भने महेशप्रसाद रिजाल तथा मेनुका आचार्य दंगालले गीत गाउनुभएको थियो । तिलकप्रसाद लुइँटेल र सर्वज्ञ वाग्लेले समसामयिक नेपाली साहित्यका बारेमा विचार व्यक्त गर्नुभएको थियो ।

## पाठक पत्र

# संघीयता कार्यान्वयनको प्रश्न

२०७२ सालमा बनेको नेपालको संविधानले नै संघीयतालाई राज्यको सन्तुलनको लागि प्रमुख रूपमा अंगालेको छ । संविधानले संघ, प्रदेश र स्थानीयतह गरी तीन भागमा विभाजन गरिएको छ भने सात प्रदेश र ७५३ स्थानीय तह हुने व्यवस्था गरिएको छ । संघ, प्रदेश र स्थानीयतहको अधिकार बाँडफाँड प्रणालीका आधारमै गर्ने संवैधानिक व्यवस्था छ ।

विश्वका मुलुकहरूमा संघीय राज्य दुई प्रकारले बनेको पाइन्छ । हाम्रो संविधानले सहकारिता, सहअस्तित्व तथा समन्वयताका आधारमा रचना गरेको छ । संघीयराज्यको आवश्यकताको आधारमा बाँडफाँड भएको हो । माओवादी र एमाले एकता भएर नेकपा हुँदा संघीयता उत्कृष्ठ नै थियो । जब पार्टी फुटेपछि दलहरू संघीयताको विरोधतर्फ केन्द्रित भएका हुन् । संघीयताको विषयमा एमालेले बैठकमा विरोध जनाउँदै आइरहेको छ । सबै किसिमको सेवासुविधा चाहिने, मुख्यमन्त्री पनि चाहिने तर अहिले कार्यान्वयतर्फ उन्मुख हुने बेलामा नचाहिने किन ?




नेपालमा संघीयताको आवश्यकता सामाजिक, सांस्कृतिक, वित्तीय संघीयताको विकास गर्न सक्षम हुँदाहुँदै पनि दलहरूले कार्यान्वयनका लागि चासो नदेखाउनु आफैंमा दुर्भाग्य हो । संघ र प्रदेशको स्थानीय तहको अधिकार कानुन बनाउने र निर्वाचन गराउनेलगायत प्रदेशको मातहतमा हुनुपर्नेछ । तर, स्थानीय तहले पाउनुपर्ने अधिकारबाट वञ्चित गरिएको छ । जनताका प्रशासनिक कार्यदेखि सबै सेवासुविधा पाउन् भन्ने उद्देश्यबाट परिचालित भएको हुनुपर्छ । तर, प्रदेश सरकारले जनताको भाषा, संस्कृति, धर्मलगायतको सम्बन्धमा रक्षा गर्ने र विधेयक पारित गर्नुपर्ने हुन्छ भनेर उल्लेख गरिएको छ । तर, भारत स्वतन्त्र भएको आठ दशक हुनलाग्दा कुनै पनि भारतीय जनताहरूले संघीयताको विरोध गरेको पाइँदैन किन ?

लेखकले उल्लेख गरे बमोजिम संघीयता मधेसवादी दलहरूको एजेण्डा हो भनेर टिप्पणी गर्नु आफैंमा उपहासमात्र हो । मधेसवादीहरूले मधेसी जनताको अधिकारका लागि समग्र मधेस एक प्रदेश एजेण्डा लिएर राजनीतिमा आएका होइनन् र ?

विगतमा दश वर्षे सशस्त्र युद्धको बलबाट देशमा संघीयता, समावेशी, समानुपाति, धर्मनिरपेक्षता र गणतन्त्र व्यवस्था संविधानसभाबाट जनताको अधिकार स्थापित भएको होइन र ? लेखकले १७ हजार शहीदको अपमानित गरेर जनतामा भ्रम सिर्जना गर्नु गणतन्त्रकै बद्नामी हुनको साथसाथै सबै दलहरू मिलेर संघीयतालाई कार्यान्वयन गर्नु जरुरी छ ।

**निरञ्जन मैनाली**
**बारा, हाल काठमाडौं ।**

# भारतले गरेको गलत प्रचार रोक्न स्थानीयको माग

**प्रकाश न्यौपाने / हिटा**

नवलपरासी, १२ कात्तिक




भगवान् गौतम बुद्धको अस्थिधातु रहेको रामग्राम स्तूपबारे भारतले गरिरहेको गलत प्रचार रोक्न स्थानीयवासीले माग गरेका छन् । पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-७ उजैनीस्थित रामग्राम स्तूपमा आइतबार पत्रकार सम्मेलन गर्दै स्थानीयवासीले भारतसँग कूटनीतिक पहल गरी नक्कली रामग्रामको प्रचार रोक्न नेपाल सरकारको ध्यानाकर्षण गराएका हुन् ।

रामग्राम स्तूप संरक्षण तथा पर्यटन विकास संस्था उजैनीका अध्यक्ष शम्भु उपाध्यायले नवलपरासीमा रहेको स्तूप नै रामग्राम स्तूप प्रमाणित भइसकेको अवस्थामा भारतले गलत प्रचार गरेको बताउनुभयो । भारत उत्तर प्रदेशको महाराजगञ्ज जिल्लाको जिल्ला प्रशासन कार्यालयको आधिकारिक वेबसाइटमा रामग्राम स्तूप सोही जिल्लाको सोहगीबरवा जंगलमा रहेको उल्लेख छ । नेपाल सरकारले तत्काल खण्डन गरी भारतको उक्त कार्य रोक्नुपर्ने अध्यक्ष उपाध्यायले बताउनुभयो ।

'चिनियाँ नागरिक ह्वेनसाङ र फाइयानको यात्रा वृत्तान्तमा कोलिय गणराज्यको राजधानी देवदह, रामग्रामदेखि पूर्व र दक्षिण दिशामा ८ माइलको दूरीमा रहेको भगवान् गौतम बुद्धको अस्थिधातु रहेको स्थल नै रामग्राम स्तूप रहेको उल्लेख छ, डा. डब्लु ह्वेले पनि सन् १८९८ मा रामग्राम स्तूप पत्ता लगाएका थिए, त्यो स्तूप नवलपरासीको रामग्राम उजैनी गाउँमा छ, यसमा दुई मत नै छैन, भारतको दुष्प्रचार रोक्नुपर्छ,' उहाँले भन्नुभयो ।

रामग्राम स्तूपको संरक्षण र विकासमा ध्यान दिनसमेत स्थानीयले सरकारसँग माग गरेका छन् । यसअघि नागरिक समाज नवलपरासीले पनि प्रमुख जिल्ला अधिकारी र जिल्ला समन्वय प्रमुखमार्फत् नेपाल सरकारको ध्यानाकर्षण गराएको थियो ।

# ढोरपाटनमा पर्यटकको भिड : होटल पाउन मुस्किल

**डम्मर बुढा मगर / हिटा**

बागलुङ, १२ कात्तिक



दशैंको मौका पारेर यसपटक धेरै आन्तरिक पर्यटक बागलुङको पर्यटकीय स्थल ढोरपाटन पुगेका छन् । चाडपर्वको समयलाई अहिले आन्तरिक पर्यटकको हिसाबले महत्त्वपूर्ण मानिँदै आएको छ । दशैं-तिहारको समयमा आन्तरिक पर्यटकहरूले पर्यटकीय स्थलहरू चलायमान हुने गरेको पाइन्छ । विदेशी शिकारी पर्यटकको रोजाइमा पर्ने ढोरपाटन पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको हो । कुनै समय ढोरपाटनमा शिकार खेल्नमात्रै पर्यटक आउने चलन भए पनि सडकमार्गको पहुँच र प्रचारप्रसारका कारण यसपटकको दशैंमा ढोरपाटनमा आन्तरिक पर्यटकको चाप देखिएको हो ।

दशैं सुरु हुनुभन्दा अघि र दशैंको टीकापछि ढोरपाटनमा आन्तरिक पर्यटकहरूको चाप बढी भएपछि होटल तथा घरबासहरू भरिभराउ भएको ढोरपाटन नगरपालिकाका उपप्रमुख कल्याण कायतले जानकारी दिनुभयो । 'दशैंको टीकाको पर्सिपल्ट ६० वटाभन्दा बढी चारपांग्रे सवारीसाधनहरू ढोरपाटन पुगेका थिए, पर्यटकको संख्या ढोरपाटन शिकार आरक्षले राख्छ, तर अहिले ढोरपाटनमा खोलिएको २२ वटाभन्दा बढी होटल तथा घरबास पर्यटकहरूले भरिएको जानकारी लिएको छ, कतिपय पर्यटकहरू ढोरपाटन नपुगेर बोबाङमै बास बसेका समेत छन्,' कायतले भन्नुभयो, 'ढोरपाटनमा यो चाडबाडको समयमा अहिलेसम्मकै धेरै पर्यटकहरू आएको अनुमान छ, यसको मुख्य कारण प्रचारप्रसार नै हो ।'

कायतका अनुसार ढोरपाटनमा असोज १५ र १६ गते नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय बैठक आयोजनापछि धेरै स्थानमा ढोरपाटनको महत्त्वले थप व्यापकता पाएको छ । दशैं सुरु भएसँगै ढोरपाटनका सबै होटल तथा सामुदायिक घरबासहरू आन्तरिक पर्यटकहरूले भरिभराउ भइरहेको ढोरपाटन सामुदायिक होटलका सञ्चालक सुरज पौडेलले बताउनुभयो । 'कात्तिक लागेपछि दशैंको दिनमा बाहेक मेरो होटलमा पाहुनाको कमी छैन, अन्य होटल तथा सामुदायिक घरबासमा समेत लगातार पाहुना भरिभराउ छ, यहाँका होटल व्यवसायीहरू उत्साहित बनेका छन्, दशैं र तिहारको सिजनमा यति धेरै पर्यटकहरू पहिलोपटक ढोरपाटन आएको हाम्रो अनुमान छ,' पौडेलले भन्नुभयो, 'ढोरपाटनको प्रचारप्रसार र पछिल्लो समय सामाजिक सञ्जाल फेसबुक र टिकटकका कारण ढोरपाटनमा पर्यटक बढेको पाइयो, ढोरपाटनमा जनै पूर्णिमाको दिन सबैभन्दा बढी पर्यटकहरू आउँछन् तर घुम्नका लागि दशैंपछि निकै आन्तरिक पर्यटकहरू यहाँ आएको पाइयो ।'

पौडेलका अनुसार ढोरपाटनमा बागलुङसहित छिमेकी जिल्ला म्याग्दी, पर्वतसहित पोखरा, गुल्मी, चितवन र नारायणगढलगायतका स्थानबाट बढी मात्रामा पर्यटकहरू आएको पाइएको छ । शिकार आरक्षमा शिकार खेल्न विदेशी पर्यटहरू दुई याममा ढोरपाटनमा सिधै हेलिकप्टरमार्फत् आउने भएकाले ढोरपाटन उपत्यका आन्तरिक पर्यटककै भरमा छ ।

गत आर्थिक वर्षमा सात हजार ६४५ पर्यटक ढोरपाटन घुम्न आएका थिए । जसमध्ये जम्मा ७८ जनामात्रै विदेशी पर्यटक रहेको र अन्य सबै नेपाली पर्यटक रहेको ढोरपाटन शिकार आरक्षले जनाएको छ । आन्तरिक पर्यटकहरू ढोरपाटन उपत्यका भ्रमण गर्न, प्रसिद्ध ढोरबाराही मन्दिर दर्शन गर्न र शिकार आरक्ष कार्यालयको अवलोकनका लागि पर्यटक त्यहाँ पुग्ने गरेका छन् । त्यसमध्ये ढोरपाटन शिकार आरक्षभित्रैको जलजला पुग्ने पर्यटकको लर्को रहेको दशैंको भोलिपल्ट ढोरपाटन घुम्न गएका आन्तरिक पर्यटक नारायण रिजालले बताउनुभयो । त्यहाँ पुगेका पर्यटकहरू घोडा सफारी र बाइकमार्फत् जलजला पुग्ने गरेको रिजालको भनाइ छ । जलजलाबाट एक दर्जन हिमशृंखलाहरू देख्न पाइने उहाँको भनाइ छ । ढोरपाटनमा विदेशी शिकारीहरू भने नाउर र झारलको वैधानिक शिकार खेल्न आउने गरेका छन् ।



जुम्लाको हिमा गाउँपालिका-३ स्थित मोफ्ला गाउँ । उक्त गाउँमा परम्परागत शैलीमा बनेका घरहरू रहेका छन् ।
*तस्बिर : विजय रावत / हिटा*

## मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु

**हेटौंडा ।** मकवानपुरमा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । बागमती गाउँपालिका-७ लामिटारमा शनिबार राती मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको हो । झुरझुरेबाट हेटौंडा जाँदै गरेको ना ३० प ३४८१ नम्बरको मोटरसाइकल मदन भण्डारी लोकमार्गमा अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किन पुगेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार सो दुर्घटनामा परी मोटरसाइकल चालक बागमती गाउँपालिका-६ ठाडीखोलाका स्थायी बासिन्दा २२ वर्षीय सन्तोष दर्लामीको ज्यान गएको छ ।

**नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि. को (एनपिटिसी लिमिटेड) २७ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

मिति २०८० आश्विन ४ गते बसेको सञ्चालक समितिको २०७ औं बैठकको निर्णयअनुसार यस नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि. (एनपिटिसी लिमिटेड) को २७ औं साधारणसभा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्न तल उल्लेखित मिति, समय र स्थानमा बस्ने भएकाले सम्बन्धित सबै अँशियार सदस्यहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यस सम्वन्धी सम्पूर्ण अँशियार सदस्यहरूलाई अध्यक्षको प्रतिवेदन सहितको वासलात पछि पठाइने छ । प्राप्त हुन नसेकेमा यसै सूचनालाई आधार मानी उक्त मिति, समय र स्थानमा उपस्थित भइदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू :**
(१) सञ्चालक समितिका तर्फबाट अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने ।
(२) कार्यकारी सञ्चालकद्वारा प्रस्तुत आ.व. ०८०/०८१ को लागि संस्थाको नीति तथा कार्यक्रम र वजेटको अनुमोदन बारे ।
(३) लेखासमिति संयोजकको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल तथा पारित गर्ने ।
(४) लेखापरीक्षकको प्रतिवेदनसहितको आ.ब. ०७९/०८० को वासलात तथा आयव्यय हिसाव पारित गर्ने ।
(५) आ.ब. ०८०/०८१ का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।
(६) सञ्चालक समितिले आ.व. ०७९/०८० मा गरेका निर्णयहरूको अनुमोदन बारे ।
(७) संस्थाको विनियम संशोधन बारे ।
(८) निर्वाचन बारे ।
(९) साधारणसभाको निर्णय प्रमाणित गर्ने बारे ।
(१०) विविध ।

**सभा हुने मिति, समय र स्थान**
मिति : २०८०/८/१५ गते, शुक्रवार ।
समय : दिउँसो ११:०० बजे ।
स्थान : नवदुर्गा पार्टी प्यालेस
(गोपीकृष्णहलको पारिपट्टी, राजधानी पेट्रोल पम्प नजिक)

nptc नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि.
(एनपिटिसी लिमिटेड)
सरस्वतीनगर, चावहिल, काठमाडौं ।
फोन नं. ४८११३९५,४८११३७१, ४८११२२६

**बागमती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कर्मैया, सर्लाही**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मितिः २०८०/०७/१३**

यस नगरपालिकामा e-GP र हार्डकपी प्रक्रियाबाट पेश भएका बोलपत्रहरु मध्ये मुल्यांकन समिति मार्फत सिफारिस भई आएको तपशिलको बोलपत्र सबैभन्दा न्यूनतम कवोल गर्ने सारभूतरुपमा प्रभावग्राही भएको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

| क्र. स. | सूचना नं | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु. (मु.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| १ | BM/WORKS/NCB/01/2080/081 | Construction of RCC shear wall in Bagmati fishery pond | MA construction and suppliers pvt. Ltd. Kalanki-14, Kathmandu, Nepal | १,२६,८६,४१६.७१ |